नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(......प्रशासन......शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः- २०७९/८०/१/११
प्राप्त पत्र संख्याः- ................
च.नं.:- ११६०

मिति : २०८०/०३/२४

विषय :- विभूषणको सिफारिस सम्बन्धमा ।

श्री महाशाखा, सबै ।
श्री नापी कार्यालयहरु, सबै ।
श्री विशेष नापी कार्यालयहरु, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स. १.१/प्र/२०७९/०८०/१(१)/२१, च.नं. १६३२, मिति २०७९/०३/१७ को पत्रसाथ प्राप्त गृह मन्त्रालयको प.स.०७९/०८०, च.नं. ९६, मिति २०८०/०३/१३ को पत्रको छायाँप्रति पाना ६(छ) यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । सो सन्दर्भमा विभूषण ऐन, २०६४, विभूषण नियमावली, २०६५ (संशोधन) सहित र विभूषण सिफारिस कार्यविधि एवम् प्रदान सम्बन्धी मापदण्ड, २०७५ को परिच्छेदको दफा ४ बमोजिमका क्षेत्रहरुमा राष्ट्रका लागि उल्लेखनीय रुपमा कार्य गरी विशिष्ट योगदान पुर्‍याउनु भएका व्यक्तिहरुलाई परिच्छेद ४ दफा ५ को उपदफा (५.४) का सिफारिसका आधारहरुको अधिनमा रही उपदफा ५.४.३ अनुसार आ-आफ्नो मन्त्रालय, सम्बद्ध निकाय वा संघसंस्था अन्तर्गत कार्यरत कुल दरवन्दी र जनशक्ति अनुरुप तोकिएको कोटाभित्र पर्ने गरी प्राथमीकताका आधारमा परिच्छेद ५ को दफा ६ को सिफारिस प्रक्रिया अनुसार संलग्न अनुसूची १ बमोजिमको फाराम पूर्णरुपमा भरी प्रमाणित गरी उपयुक्त व्यक्तिको नाम सिफारिस गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा उपलब्ध गराउन लेखि आए बमोजिम तहाँ महाशाखा/कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये तोकिएको आधारहरु अपनाई संलग्न फाराममा उल्लेखित आधार/कारण तथा पुष्टयाई समेतका विवरणहरु स्पष्ट भरी कार्यालयको सिफारिस पत्र सहित मिति २०८० साउन ०८ गते भित्र विभूषणको सिफारिस गरी पठाउनुहुन विभागको मिति २०८०/०३/२४ को निर्णयानुसार अनुरोध छ ।

३/२४

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

**बोधार्थ :**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा, नापी विभाग ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:०७९/०८०
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ९६

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०८०।०३।१३

विषय : विभूषणको सिफारिस सम्बन्धमा ।

प्रिय सहकारीज्यू,

विभूषण ऐन, २०६४, विभूषण नियमावली, २०६५ (संशोधन) सहित र विभूषण सिफारिस कार्यविधि एवं प्रदानसम्बन्धी मापदण्ड, २०७५ को परिच्छेद ३ दफा ४ बमोजिमका क्षेत्रहरुमा राष्ट्रका लागि उल्लेखनीय रुपमा कार्य गरी विशिष्ट योगदान पुऱ्याउनु भएका व्यक्तिहरुलाई परिच्छेद ४ दफा ५ को उपदफा (५.४) का सिफारिसका आधारहरुको अधीनमा रही उपदफा ५.४.३ अनुसार आ-आफ्नो मन्त्रालय, सम्बद्ध निकाय वा संघसंस्था अन्तर्गत कार्यरत कूल दरबन्दी र जनशक्ति अनुरुप तोकिएको कोटाभित्र पर्ने गरी प्राथमिकताका आधारमा परिच्छेद ५ दफा ६ को सिफारिस प्रक्रिया अनुसार संलग्न अनुसूची १ बमोजिमको फाराम पूर्णरुपमा भरी प्रमाणित गरी उपयुक्त व्यक्तिको नाम सिफारिस गरी २०८० साल श्रावण १५ गतेभित्र गृह मन्त्रालय, विभूषण शाखामा प्राप्त हुने गरी निम्न ईमेल ठेगानामा पठाउनु हुन अनुरोध छ।

साथै विभूषण ऐन, २०६४, विभूषण नियमावली, २०६५ (संशोधन) सहित र विभूषण सिफारिस कार्यविधि एवं प्रदान सम्बन्धी मापदण्ड, २०७५ र सिफारिस फारम मन्त्रालयको वेबसाइट www.moha.gov.np बाट डाउनलोड गरीं हेर्न सकिने व्यहोरा अनुरोध छ।

**Email:-**

bibhushanshakha@moha.gov.np

प्र.शा. २३६३
३।१५

(दिनेश भट्टराई)
गृह सचिव
एवं
सदस्य सचिव
विभूषण समिति

श्री सचिव,
मन्त्रालय सबै ।

सादर अवगतार्थ:-
माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्रीज्यू,- गृह मन्त्रालय।

प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा
भूमि व्यवस्थापन महाशाखा
योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

स.प. ३६८६
३।१३

३।१३

प्रशासन
३।१४

अनुसूची - १

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

विभूषण सिफारिस फाराम

.................मन्त्रालय/ सचिवालय/आयोग/विभाग/कार्यालय

**सिफारिस गरिने राष्ट्रसेवक कर्मचारीको विवरण**

| फोटो |
|---|

**(१) ब्यक्तिगत बिवरण:**

| | | | | |
|---|---|---|---|---|
| नाम | | | हालको जन्म मिति/ उमेर | |
| ना.प्र.नं./जिल्ला | | | बुवाको नाम | |
| ठेगाना | न.पा./गा.पा. | वार्ड नम्बर | टोल/ब्लक नं. | जिल्ला |
| स्थायी | | | | |
| अस्थायी | | | | |
| शैक्षिक योग्यता | तह | उतीर्ण साल | शैक्षिक संस्थाको नाम | |
| | | | | |
| सम्पर्क | फोन नं. | | ईमेल ठेगाना: | |

**(२) संस्थागत बिवरण:**

| | | | | |
|---|---|---|---|---|
| हालको दर्जा/श्रेणी | | | पदोन्नति मिति | |
| परिचय पत्र नं. / संकेत नं. | | | सुरु नियुक्ति मिति | |
| सुरु नियुक्ति दर्जा | | | हाल कार्यरत स्थान | |
| कार्यालय | | | अध्ययन/असाधारण विदा | |
| सम्बन्धित व्यक्तिले प्राप्त गरेका तालिमको विवरण | तालिमको नाम | तालिमको मिति | प्राप्त श्रेणी | तालिम दिने संस्थाको नाम |
| | १. | | | |
| | २. | | | |
| | ३. | | | |
| | ४. | | | |

**(३) उपलब्धिहरुको विवरण:**

| | | | |
|---|---|---|---|
| विगतमा प्राप्त गरेका उपाधी, सम्मान र विभूषण तथा प्राप्त मिति | प्रसंशापत्रहरु: | | |
| | पुरस्कारहरु (निजामती पुरस्कार समेत): | | |
| | विभूषणहरु: | | |
| | अन्य: | | |
| सम्बन्धित व्यक्तिले हाल सम्म गरेका उल्लेख्य कार्यको विवरणहरु | कार्यालय | काम गरेको अवधि | विशेष योगदान/कार्य |
| | १. | | |
| | २. | | |
| | ३. | | |
| | ४. | | |

(४) विगतमा भएको कारवाहीको विवरण:

| | |
|---|---|
| विगतमा भएका कारवाही वा सफाई पाएको भए सो को विवरण | ध्यानाकर्षण/सचेत/चेतावनी |
| | नसिहत/निलम्बन |
| | ग्रेड रोक्का/पदोन्नति रोक्का/तल्लो टाइम स्केलमा घटुवा |
| | घटुवा/चालचलन सम्बन्धि प्रतिबेदनमा प्रतिकुल राय: |
| | सेवाबाट हटाएको/बरखास्त गरेको: |
| | अन्य अभियोग: |

(५) उल्लेखित सम्पूर्ण विवरणहरु सत्य तथ्यमा आधारित रहेको व्यहोरा प्रमाणित गर्दछु, झुट्टा ठहरे कानून बमोजिम सहुंला बुझाँउला ।

नाम थर: दर्जा: कार्यरत निकाय:

फोन नम्बर: ईमेल ठेगाना: दस्तखत:

(६) सम्बन्धित कर्मचारीको उल्लेखनीय उपलब्धिहरु तथा विभूषण प्रदान गर्नु पर्ने कारणहरु:

| | |
|---|---|
| जिम्मेवारी वहन तथा उत्तरदायित्व प्रति निजको भुमिका | |
| निजको आफ्नै पहलमा भएका सिर्जनशील कार्यहरु | |
| साहशिक तथा उल्लेख्य कार्यहरुको विवरण | |
| सार्वजनिक हित तथा राष्ट्को उन्नतिमा निजको योगदान | |
| विभूषण प्रदान गर्नका लागि सिफारिस गर्नु पर्ने आधार तथा अरु उल्लेख्य कारणहरु | |
| विशेष योगदान र अनुसन्धानको विषय भए उल्लेख गर्ने | |

(७) सिफारिस कर्ताको राय:

नाम थर: दर्जा: दस्तखत:

कार्यालय: - मिति:

(द्रष्टव्य: परिणाममुखी र वस्तुगत आधार तथ्यगत रुपमा उल्लेख गर्नु पर्नेछ ।)

(ट) शान्ति पदक:- संयुक्त राष्ट्र संघको आह्वानमा विदेशमा गई शान्ति कायम गर्ने कार्यमा योगदान पु-याउने वा मुलुकभित्र शान्ति कायम गर्न उदाहरणीय कार्य गर्ने निजामती कर्मचारी, नेपाली सेना तथा प्रहरीका जवान वा अधिकृतलाई शान्ति पदक प्रदान गर्न सकिनेछ ।

(ड) विज्ञान प्रवीण पदक:- विज्ञान तथा प्रविधिको क्षेत्रमा विशिष्ट योगदान पु-याउने नेपाली वैज्ञानिकलाई विज्ञान प्रवीण पदक प्रदान गर्न सकिनेछ ।

अलंकार र पदक प्रदान गर्ने संख्या विभूषण समितिले निर्धारण गर्नेछ र सम्बन्धित निकायहरुबाट सिफारिस भई आएका नामहरु समितिले हेरफेर गरी थपघट गर्न सक्नेछ ।

## ५.४. विभूषण सिफारिसका आधारहरु;

५.४.१. तोकिएका पदाधिकारी एवं निकायहरुबाट विभूषण समिति समक्ष विभूषणको लागि सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछ:-

क. राष्ट्रको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुर्याएको पदाधिकारी एंव व्यक्ति,

ख. आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुर्याएको पदाधिकारी एंव व्यक्ति,

ग. सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफुलाई तोकिएको कार्य प्रशंसनीय ढंगबाट सम्पादन गरेको व्यक्ति,

घ. विदेशी नागरिक भए नेपालको समुन्नति तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको सम्मान, गरिमा र पहिचान बढाउने कार्यमा विशेष योगदान पुऱ्याएको व्यक्ति,

ङ. कुनै साहसी, बुद्धिमत्तापूर्ण वा लोककल्याणको हित हुने कार्य गरी विशेष योगदान पुऱ्याएको व्यक्ति,

५.४.२. विभूषण सिफारिस गर्दा देहाय बमोजिमको योगदान तथा मानक समेतका आधारमा सिफारिस गरिनेछ;

क. सम्बन्धित व्यक्तिले गरेको उल्लेखनीय कार्य एंव योगदान स्पष्ट रुपमा खुलाईएको,

ख. सम्बन्धित व्यक्तिले गरेको कार्य एवं योगदानबाट सार्वजनिक रुपमा प्रभाव स्थापित भएको,

ग. एउटै मर्यादाक्रममा रहँदा जनसेवा श्री मानपदवी प्राप्त गरिसकेको व्यक्तिलाई अर्को पटक सिफारिस गर्दा सोही श्रेणीको राष्ट्रदीप मानपदवीका लागि सिफारिस गर्ने,

घ. राष्ट्रसेवकको हकमा स्थायी नियुक्ति भएको मितिले ५ (पाँच) वर्ष सेवा अवधि पूरा भएको,

ङ. सुरक्षा निकायतर्फ बढुवा भएको मितिले १ (एक) वर्ष अवधि पुरा भएको,

च. यस पूर्व विभुषण पाएको भए सो मितिले ३ (तिन) वर्ष व्यतित भएपछि मात्र अर्को विभूषणका लागि सिफारिस गरिने,

तर सार्वजनिक हित, लोककल्याण, राष्ट्रको गरिमा एवं गौरव बढाउने गरी उल्लेखनीय कार्य गर्नेको हकमा यो अवधि लागू हुने छैन ।

छ. विभुषण सिफारिस गर्दा उच्च कार्यदक्षता तथा जेष्ठतालाई प्रमुख आधार मानिनेछ,

ज. नेपाल सरकारबाट निजामती सेवा पुरस्कार पाईसकेको राष्ट्रसेवकलाई सो पुरस्कार पाएको ३ वर्ष व्यतित भएपछि मात्र अर्को विभूषणका लागि सिफारिस गर्न सकिनेछ,

झ. दुर्गम क्षेत्र र कठिन परिस्थितिमा रही कार्य गरेका राष्ट्रसेवक कर्मचारीहरुलाई विभूषण सिफारिस गर्दा विशेष प्राथमिकता दिई सिफारिस गर्न सकिनेछ,

ञ. नेपाल सरकारको मनोनयनद्धारा १ वर्ष भन्दा बढी असाधारण विदा, अध्ययन विदा लिई वैदेशिक अध्ययनमा गएको राष्ट्रसेवक कर्मचारीलाई वैदेशिक अध्ययनबाट फिर्ता भई हाजिर भई काम गरेको १ वर्षपछी मात्र विभूषणको लागि सिफारिस गर्न सकिनेछ,

ट. राष्ट्रसेवक कर्मचारीहरुलाई सिफारिस गर्दा सम्बन्धित निकायको प्रमुखबाट प्राप्त भएको सिफारिस एवं राय समेतलाई आधार मानिनेछ,

ठ. सर्वसाधारण तथा समाजसेवीहरुको हकमा प्रहरीबाट निजहरुको चालचलन समेत बुझ्न सकिनेछ,

ड. विभूषण समितिले राष्ट्रिय हित, लोक कल्याण, श्रीवृद्धी, राष्ट्रको गरिमा र गौरव बढाउने गरी उल्लेखनीय कार्य गर्ने व्यक्तिहरुलाई विभूषण सिफारिस गर्न सक्नेछ।

५.४.३. विभिन्न निकायहरुमा कार्यरत व्यक्तिहरुलाई विभूषण प्रदान गर्दा देहाय बमोजिमको जनशक्तिको आधारमा कोटा निर्धारण गरिनेछः

(क) १ देखि ३०० सम्म जनशक्ति भएको निकायबाट १ जना,

(ख) ३०१ देखि ५०० सम्म जनशक्ति भएको निकायबाट २ जना,

(ग) ५०१ देखि १००० सम्म जनशक्ति भएको निकायबाट ३ जना,

(घ) १००१ देखि ५००० सम्म जनशक्ति भएको निकायबाट ४ जना,

(ङ) ५००१ देखि माथि जनशक्ति भएको निकायबाट ५ जना,

(च) सुरक्षा निकायतर्फः- नेपाली सेनातर्फ - २५ जना,
नेपाल प्रहरीतर्फ - २० जना,
सशस्त्र प्रहरी बलतर्फ - १२ जना,
राष्ट्रिय अनुसन्धानतर्फ - ४ जना,

५.५. देहायको व्यक्तिहरुलाई विभूषणका लागि सिफारिस गरिनेछैनः

क. आफूले प्राप्त गरेको विभूषण कसैलाई बिक्री गरेको वा बन्धकीमा राखेको,

ख. आफूले प्राप्त गरेको विभूषणको मर्यादा विपरीत हुने गरी विभूषणको प्रयोग गरेको वा कसैलाई प्रयोग गर्न दिएको,

ग. निलम्बनमा परेको वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाँय पाएको,

घ. भ्रष्टाचार, जवर्जस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पत्ती शुद्धिकरण तथा राहदानी दूरूपयोग सम्बन्धी कसुरमा अदालतको अन्तिम फैसलाबाट सजाँय ठहर भएको,

ङ. बैंक तथा वित्तिय संस्थाको ऋण नियतबस नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

च. प्रचलित नेपाल कानूनद्धारा अयोग्य हुन सक्ने आधारहरु समेत आकर्षित हुने,

छ. यी उपर्युक्त खण्ड (क) देखि (च) सम्मका कसुरमा संलग्न भएको प्रमाण फेला परेको अवस्थामा साविकमा घोषणा भई विभूषण (मानपदवी, अलंकार र पदक) पाईसकेको भए सो समेत रद्द गर्न सकिनेछ ।

## परिच्छेद-५

## विभूषण सिफारिस प्रक्रिया

**६. विभूषण सिफारिसका लागि देहायबमोजिम प्रक्रिया अपनाइनेछ;**

अ) देहायका पदाधिकारी, कर्मचारी वा कुनै व्यक्तिले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुर्याएको भएमा त्यस्ता पदाधिकारी, कर्मचारी वा व्यक्तिले पुर्याएको योगदानको विवरण विभूषण ऐन, २०६४ को अनुसूची बमोजिमको ढाँचामा खुलाई विभूषण प्रदान गर्न देहायका निकाय वा पदाधिकारीले निर्दिष्ट समय भित्र विभूषण समितिको सचिवालय, गृह मन्त्रालयमा सिफारिस गरी पठाउनुपर्नेछ ;–

क. उपराष्ट्रपति, प्रधानमन्त्री, प्रदेश प्रमुखको हकमा सम्माननीय राष्ट्रपतिले,

ख. प्रधान न्यायाधीश, व्यवस्थापिका संसदका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, सहायक मन्त्रीहरुका हकमा विभूषण समितिले र प्रदेश सरकारका मुख्य मन्त्री, सभामुखहरुको हकमा प्रदेश प्रमुखले,

ग. विदेशी राष्ट्रका राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्री वा सो सरह वा सोभन्दा माथिका पदाधिकारी र अन्य नागरिकहरुको हकमा परराष्ट्र मन्त्रीले,